# पातारासी गाउँपालिकाको बार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई
## आ.व. ०७९।८० को
## प्रतिवेदन २०८०

**१. कार्यक्रमको परिचय**

सार्वजनिक निकायलले दिने सेवा तथा सार्वजनिक निकायबाट प्रवाह गर्ने सेवमा थप सुबिधा ल्याउनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिन्छ। नागरिकलाई सार्वजनिक निकायले प्रवाह गर्ने सेवा तथा सुबिधा तथा गतिविधिका बारेमा सुचना माग्न पाउने तथा अवलोकन गर्न पाउने अधिकार सुचनाको हक सम्बन्धि ऐन २०६४ तथा नियमावली २०६५ ले गरेको छ । सुशासन ऐन २०६४ तथा नियमावली २०६५ ले पनि हरेक सार्वजनीक निकायले आफूले संचालन गरेका हरेक गतिविधिहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा पनि सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण सम्बन्धि व्यवस्था गरेको छ। नेपाल सरकारले स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि २०६७ तयार पारी कार्यान्वयन गरिरहेको छ । पातरासी गाउँपालिकाले गाउँपालिका तथा वडा स्तरमा प्रवाह गरेका सेवा तथा विकास निमार्णका कार्यहरु सार्वजनीक गर्दै सेवाग्राहिका गुनासा तथा सल्लाह सुझाव लाई जवाफदेही वक्ताहरुबीच सार्वजनिक सुनुवाई संचालन गरिएको थियो ।

**सार्वजनिक सुनुवाई (सामाजिक लेखा परिक्षण) कार्यक्रम ।**

२०८० साल साउन १५ गते पातरासी गाउँपालिकाको कार्यालयको परिसरमा आ.व २०७९/०८० मा संचालन भएका योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई (सामाजिक लेखा परिक्षण) संचालन भयो । पातरासी गाँउपालिकाको आयोजना तथा यस सिंजा मल्टि मिडियाको सहजिकरणमा सार्वजनिक सुनुवाई (सामाजिक लेखा परिक्षण) सम्पन्न गरिएको हो । दोस्रो सेसनको सहजकिरण सिंजा मल्टिमिडियाका प्रकाश उपाध्यायले गर्नु भएको थियो ।

पातरासी गाँउपालिका अध्यक्ष पूर्णसिंह बोहरा, उपाध्यक्ष जनमारा रोकाया, प्रमुख प्रशासकीय अधिकृत मीन बहादुर रावल, लेखा प्रमुख, प्राविधिक फाँटका कर्मचारीहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, वडा अध्यक्षहरु, गाँउपालिकाका कर्मचारीहरु, फाँटका प्रमुखहरु, विषगत समितिका प्रमुखहरु, योजना तथा कार्यक्रमसँगग सम्बन्धित व्यक्तिहरु, सम्बन्धित योजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरु, निर्माण कम्पनिका प्रतिनिधिहरु, पकात्रकार, स्थानीय उपभोक्त तथा स्थानीय बासीहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई (सामाजिक लेखा परिक्षण) संचालन भएको हो ।

गाँउपालिकामा संचालन भएका करिब १०० भन्दा वटा योजनाहरुको वस्तुस्थिति, योजनामा भएको सम्पूर्ण खर्च विवरण प्रस्तुत गरिएको थियो । जसमा अधिकांश योजनाहरुमा उपभोक्ता समितिले मनोमानी ढंगबाट योजनाको रकम खर्च गरेको प्रति स्थानियबासीले असन्तुष्टी जनाएका थिए । गाँउपालिकामा संचालित सबै योजनाहरुको खर्चको विस्तृत विवरण प्रस्तुत भएको थियो । स्थानीय उपभोक्ताहरुलाई आफूलाई चित्त नबुझेका र स्पष्ट नभएका विषयमा गाँउपालिकाद्वारा संचालित योजना तथा कार्यक्रम संग सम्बन्धित रहेर प्रश्न तथा जिज्ञासा राख्न दिइएको थियो । सार्वजनिक सुनुवाई भएका योजना तथा कार्यक्रमहरु निम्नानुसार रहेका छन् ।

**२. कार्यक्रमको उद्धेश्य**

पातरासी गाउँपालिका तथा वडा स्तरबाट संचालित योजना कार्यक्रमहरुको, सेवा प्रवाह  तथा योजना आयोजनाहरुमा खर्च भएको रकमका विषयमा सपष्ट पार्ने ।

सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासा वा जिज्ञासाहरुको बारेमा हाकाहाकी प्रश्नोत्तर गराउने ।

सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने

स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिकहरु प्रति जवाफदेहि बनाउने ।

सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने ।

**३. कार्यक्रमको संक्षिप्त जानकारी**

सार्वजनिक सुनवाई संयोजन गर्ने व्यक्तिको

**नाम : प्रकाश उपाध्याय, गोल्डेन बुढा, महेश नेपाली, इश्वरी देवकोटा, पुरिचन्द्र नेपाली, अर्जुन महतारा ।**

**पद : पत्रकारहरु ।**

**सहजिकरण गर्ने निकाय : सिंजा मल्टी मिडिया प्रा.लि चन्दननाथ नगरपालिका-०४, भारतीबाडा, जुम्ला ।**

सार्वजनिक सुनुवाईको विषय : पातरासी गाउँपालिका द्वारा गएको आ.व २०७९/०८०मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक : पातरासी गाउँपालिको कार्यालय, जुम्ला ।**

**४.  कार्यक्रम विवरण**

मिति : २०८० कार्तिक २४ गते

स्थान : पातरासी गाउँपालिकाकाको कार्यालयको भवन परिसरमा ।

**५. जवाफदेही वक्ताहरु**

पातरासी गाउँपालिकाका अध्यक्ष श्री पूर्णसिंह बोहोरा
पातरासी  गाउँपालिकाकी उपाध्यक्ष श्री जनमाया रोकाया
पातरासी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मिन बहादुर रावल
पातरासी गाउँपालिका वडा नं १ का अध्यक्ष श्री लालसिंह बुढा
पातरासी गाउँपालिका वडा नं २ का अध्यक्ष श्री बल बोहोरा
पातरासी गाउँपालिका वडा नं ३ का अध्यक्ष श्री गोविन्द रावत
पातरासी गाउँपालिका वडा नं ४ का अध्यक्ष श्री काली बहादुर ऐडी
पातरासी गाउँपालिका वडा नं ५ का अध्यक्ष श्री दत्त बुढा
पातरासी गाउँपालिका वडा नं ६ का अध्यक्ष श्री कर्म विष्ट
पातरासी गाउँपालिका वडा नं ७ का अध्यक्ष श्री वीर बहादुर बुढा

**शाखा प्रमुखहरु**

शिक्षा शाखा प्रमुख श्री अविराज उपाध्याय
स्वास्थ्य शाखा प्रमुख श्री रतन बुढथापा
प्राविधिक शाखा प्रमुख नवीन शाही
कृषि शाखा प्रमुख श्री रुपक बुढा
पशु शाखा प्रमुख श्री गगन केसी
महिला तथा बालवालिका शाखा प्रमुख श्री भगवती गिरी
सुचना प्रविधि शाखा प्रमुख श्री हर्ष शाही

**६.अतिथि तथा संचारकर्मीहरु**

पूर्णसिंह बोहोरा, पालिका अध्यक्ष
जनमाया रोकाया, पालिका उपाध्यक्ष
अन्नपुर्ण पोष्टका रिर्पोटर प्रकाश उपाध्याय
ब्रेक एण्ड लिङ्कसका रिर्पोटर महेश नेपाली
नयाँ कर्णालीका रिपोर्टर अर्जुन महतारा
नागरिक दैनिकका रिपोर्टर गोल्डेन बुढा
कनका खबरका क्यामरा म्यान पुरिचन्द्र नेपाली
नगरीक समाजका अगुवाहरु

**७. सार्वजनिक सुनुवाईको उपस्थिति विवरण :**

**८. संचालन प्रक्रिया**

**प्रारम्भिक चरण**

(क) समन्वयात्मक बैठक पातरासी गाउँपालिकाकाद्वारा चालु आ.व २०७९/०८० मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीताको लागि पातरासी गाउँपालिकाले गरेको निर्णय अनुसार पातरासी गाउँपालिकाका अध्यक्ष श्री पूर्णसिंह बोहरा, उपध्यक्ष श्री जनमाया रोकाया, प्रमुख प्रशासकीय अधिकृत श्री मिन बहादुर रावल लगायतका व्याक्तिहरुसँग भेटघाट गरी समन्वयात्मक छलफल पश्चात् सार्वजनिक सुनुवाई गर्ने सहमती भएको थियो । २०८० साउन १५ गते पातरासी गाउँपालिकाको सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् सार्वजनिक सुनवाई संचालनको लागि आवश्यक तयारी गरिएको थियो ।

**(ख)** सहजकर्ताको छनौट तथा समन्वय पातरासी गाउँपालिकाको कार्यालयले आयोजना गरेको गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको कार्यालयले व्यवस्थापन तथा समन्वयका कार्यहरु गरेको थियो । पातरासी गाउँपालिकाले सहजीकरणको सम्पूर्ण जिम्मेवारी सिंजा मल्टी मिडिया प्रा.लिलाई दिइएको थियो । गाउँ पालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्षहरु एवं संचार माध्यमहरु सँग नियमित सम्पर्क तथा समन्वय गरिएको थियो ।

**(ग) ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन स्थानीय तहले जनतालाई प्रवाह गर्ने वस्तु तथा सेवा सुविधाहरु** के के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएको छ ? सेवा प्रवाहका लागि कस्ता कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नु पर्ने अवस्था छ, भन्ने कुराको गहन अध्ययन, स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलव्ध गराएका छन् ? सो को तुलना गरि छलफल गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली,२०६५ स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि, २०६७, सुचनाको हक सम्बन्धि ऐन २०६४

र नियमावली २०६५ तथा स्थानीय सरकार संचालन ऐन- २०७४ जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन आयोजक तथा समन्वय गर्ने संस्थाका प्रतिनिधि र सहजकर्ताद्वारा गरिएको थियो । जसको प्रमुख भुमिका सहजिकरण टिमका सागर परियारले गर्नुभएको थियो ।

**(घ) बहिर्गमन अभिमत संचालन सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिकहरुबाट अभिमत लिन बहिर्गमन** अभिमत वा नागरिक प्रतिवेदन पत्र अनिवार्य संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । जस अनुसार पालिकाका सबै वडामा बहिर्गमन अभिमत, नागरिक प्रतिवेदन पत्र वा नागरिकको मत लिने कार्यहरु संचालन गरेको थियो । जसमा सहजीकरण टोसल प्रनिधिरुमा प्रकाश उपाध्याय, महेश नेपाली, पुरिचन्द्र नेपाली, अर्जुन महतारा, गोल्डेन बुढाले गर्नुभएको थियो ।

**ङ) सार्वजनिक सुनुवाईको प्रचार प्रसार पातरासी गाउँपालिकाद्वारा आ.व २०७९/०८०मा संचालित विकास निर्माण** तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइमा नागरिकहरुको सहभागीता अभिवृद्धिको लागि सूचनाको ठूलो महत्व हुने भएकाले जिल्लाका  एफएमहरु मार्फत ७ दिन अगावैबाट सार्वजनिक सुनुवाई संचालन हुने मिति, स्थान र समय खुल्ने गरी सूचना प्रशारण गरिएको थियो । गाउँपालिका कार्यालय परिसर कार्यक्रम हुने स्थल, बजार क्षेत्रमा सार्वजनिक सुनुवाईको सूचना टाँस गरिएको थियो । पालिकाका सबै जनप्रतिनिधि र कर्मचारीलाई मोबाईल म्याजेस पठाइएको थियो भने समाजिक संजाल सुचना हालिएको थियो । त्यस्तै वडा कार्यालयहरु तथा सरकारी नेपाल पत्रकार महासंघ जिल्ला शाखा तथा पत्रकारहरुको सहभागीता सुनिश्चितकाको लागि खबर गर्ने कार्य गरिएको थियो ।

## ९.कार्यान्वयन चरण

सार्वजनिक सुनुवाईको प्रचार प्रसार पातरासी गाउँपालिकाद्वारा आ.व २०७९/०८० मा संचालित विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाइ  गाउँपालिकाका सात वटै वडा कार्यालयहरुमा संचालन गरिएको थियो । सार्वजनिक सुनुवाईमा सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । सार्वजनिक सुनुवाई कार्यक्रममा जवाफदेही वक्ताहरु र अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, वडा समितिका सदस्यहरु, विषयगत शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगाएत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवी, राजनैतिक दलका प्रतिनिधिहरु लगायतका कार्यक्रममा उपस्थित सबैलाई यथा स्थानमा आशन ग्रहण गराइएको थियो ।

## पातरासी गाउँपालिका आव २०७९/०८० को सार्वजानिक सुनुवाई कार्यक्रमा आएका गुनासा, सल्लाह र सुझावहरु

पातरासी गाउँपालिकाको सार्वजनिक सुनुवाइ प्रत्येक वडा वडामा यस सिंजा मल्टिमिडियाका प्रतिनिधिहरु पठाइ गरिएको थियो । हरेक वडामा पालिकाले विकास निर्माणका गतिविधिहरु संचालन गरेको छ । विभिन्न खालका सेवा प्रवाह गरेको छ । तर बजेटको सिमितताका कारण सबै जनताको चित्त बुझेको छैन । घर नजिकको सरकारबाट नातागोता, आफन्तलाई बढी सुविधा दिएको भन्ने गुनासाहरु र आरोपहरु तमाम छन् । जनप्रतिनिधिहरुसमेत केही हदसम्म पूर्वाग्रही भएको जनगुनासो छ भने कति ठाउँमा व्यक्तिगत रुपमा रिस फेर्ने काम पनि भएका छन् ।

तथापि सचेत वर्गबाट खबरदारी गर्ने र सुझावहरु दिने, आलोचना गर्ने लगायतका रचनात्मक काम भइरहेका छन् । शिक्षा, स्वास्थ्य उपचार र विकास निर्माणका गतिविधिको सूक्ष्म ढंगबाट निगरानी गर्ने काम पनि भइरहेको छ । केही प्रतिनिधिमुलक सुझाव, प्रश्न र जिम्मेवार व्यक्तित्वबाट दिइएको जवाफलाई निम्नानुसार लिपिबद्ध गर्ने प्रयास गरिएको छ ।

क) यो पालिकामा रहेका सरकारी कर्मचारी जस्तै प्राविधिक र केहि शाखा प्रमुख जो सँग सरकारी बाइक छ तिनिहरुको प्राय लाइसेन्स छैन । के सरकारी कर्मचारीलाई लाइसेन्स नहुँदा पनिन बाइक चढ्न पाउने अधिकार छ ? यो सरकारी सम्पत्तिको दुरुपयोग होइन ? यो कैले नियन्त्रण गर्नु हुन्छ प्रष्ट बताइदिनुस् सम्बन्धित सबैले ।

जवाफ पालिका अध्यक्षबाट :- लाइसेन्स नभएको कुन सरकारी कर्मचारीले बाइक चढेको छ ? नाम भन्नुपर्‍यो । यो सार्वजनिक सुनुवाई रिस फेर्ने ठाउँ होइन । यकिन र यथार्थ कुरा बताउनुस् हामी आलोचना सहन तयार छौं । कारबाही गर्न र भोग्न पनि तयार छौं ।

**ख) यस पातारासी गाउँपालिकामा सञ्चालनमा रहेको जेष्ठ नागरिक संघ अवैधानिक छ । अर्थात नेपालको संविधान** विपरित कुनै एउटा मूख्य पदमा महिलाको सहभागिता नहुँदा नहुँदै पनि पालिकाले नियमन गर्नुको साटो किन वर्षेनी लाखौं रकम उक्त संघलाई विनियोजन गरेको सबै अध्यक्ष र उपाध्यक्षको राजनैतिक दल भएरहो ?

जवाफ प्रमुख प्रशासकीय अधिकृतबाट :- संघको वैधानिकता हामीले निर्धारण गर्ने होइन । यसको निकाय छुट्टै छ । त्यहीँ जानू होला । त्यसमाथि सर्वसहमतिले हुने हरेक अवैधानिक समिति समेतत वैधानिक हुन्छन् । तर वृद्ध वृद्धा हाम्रा अभिभावक हुन । राज्यका साझा सम्पत्ति हुन । उनीहरुले पाउने सुविधा निर्वाध पाउनुपर्छ । जनप्रतिनिधि निर्वाचित भएर आएपछि त्यस्तै वर्गको सेवा गर्नुपर्ने हुन्छ ।

**ग) पालिकामा प्रशस्तै कर्मचारी हुँदा हुँदै उतै थुपार्ने अनि हाम्रो वडामा किन ऐलेसम्म सचिव नपठाउने ? जनताले** पञ्जिकरणको काम गर्न ५ नम्बर वडामा कैलेसम्म जाने ? हामीले सचिव पाउछौं कि पाउँदैनौं ? पाउँछौं भने कैलेसम्म पाउछौं ? पालिकामा एउटै शाखामा २ जना सम्म कर्मचारी राख्ने किन ? यो प्रस्न सम्पुर्ण जिम्मेवार व्यक्तिलाई ।

जवाफ उपाध्यक्षबाट :- चार नम्बर वडाको सचिव चाँडै पठाइनेछ । यहाँका नागरिकको सेवा सुविधालाई हामीले चासोका साथ लिएका छौं । सकेसम्म चाँडै यो काम गर्नेछौं ।

**घ) मान बहादुर बुढाको प्रश्न : चालू खर्च छ लाख मर्मत खर्च र इन्धन खर्चको बील हुनुपर्‍यो, कार्यालय संचालन**, अनुगमन र विविध खर्चको बील खै ?
जवाफ, प्रमुख प्रशासकीय अधिकृतबाट :- खर्च गर्दा, लगानी गर्दा र विकास निर्माणका गतिविधि गर्दा कानुन अनुसार गरिन्छ । हामीले अघि भर्खर पालिकाको आम्दानी र खर्चको सम्पूर्ण विवरण पेस गरेका छौं । बिल भर्पाई पनि यहाँ प्रस्तुत गर्नुपर्दैन । आवश्यकता परेको बेलामा तपाईं कार्यालयमा आएर विधिवत रुपमा हेर्न सक्नुहुन्छ । हरेक नागरिकसँग सूचनाको हक छ ।
**ङ) गगन बहादुर बुढा**

1. **ग्यास चुलो वितरण गर्दा दुई दोहोरो सुविधा लिए पालिकाले कहाँ हेरेको थियो** ?
2. **सवारी साधन प्राइभेट मान्छे चलाएको दुरुपयोग ? प्राइभेट मान्छेले चलाएर खर्च भइरहेको छ** ?

जवाफ पालिका उपाध्यक्षबाट :- पहिलो, ग्याँस चुलो वितरण पालिकाले गरेको होइन वडाले गरेको हो । के कति कारणले कति जना दोहोरोरिएर सम्बन्धित वडामा बुझ्नुहोला । सकेसम्म नाम नै दिएर वडा सचसव र वडा अध्यक्षलाई जिम्मेवार बनाउनु होला । यसमा हामी पनि समन्वय गर्न तयार छौं ।

तपाईंको दोस्रो प्रश्नको जवाफ अघि अध्यक्ष ज्यूले पनि दिइसक्नु भएको छ । सँधैभरी वडा वा पालिकाको बाइक फाल्टु मान्छेले चलाएका छन् भने समस्याको विषय हो । हाम्रो न्यायिक समितिमा उजुरी दिन सक्नु हुन्छ । तर कहिलेकाहीँ मान्छे बिरामी पर्दा, समस्या छ भने त्यस्तो अवस्थामा चलाइएको सवारी साधनले जनताको सेवा नै गरेको ठान्नुपर्छ । बरु यसमा रिस साँध्नु हुन्न । तपाईं पनि आपतै परेको बेला सेवा लिन खोज्नु होला । नभए हामीलाई डाइरेक्ट फोन गर्दा पनि हुन्छ ।

**च) हरि बहादुर ऐडी : हामीले काम बढी गरेका हुन्छौं । प्राविधिकहरु जहिले पनि घटाएर मात्रै बिल बनाइदिन्छन् ।** कारण के हो ?

जवाफ प्राविधिक नवीन शाहीबाट : काम, श्रमदान अनुसार हामीले मुल्यांकन गर्ने हो । मुल्यांकन जति हुन्छ सोही अनुसार बिल बनाउने हो । मुल्यांकनको दायरा भन्दा बढी भुक्तानी दिन सकिदैन ।

**छ) कोमल ऐडी, विद्यालयको अवस्थामा राम्रो छैन । पढाइ गतिलो हुँदैन । कम्प्युटर नै नसिकेको मान्छे कम्प्युटर** शिक्षक कसरी नियुक्त भयो ? पालिकामा शिक्षक अभा भइरहने तर गाउँपालिकामा शिक्षक किन राखिएको हो ?

जवाफ, शिक्षा शाखा प्रमुख अविराज उपाध्यायबाट :- कम्प्युटर शिक्षक हामीले राखेको होइन । विद्यालय व्यवस्थापन समितिले राखेको हो । दुईपल्ट विज्ञापन खोल्दासम्म मान्छे नपाएपछि राखेको हो भन्ने सुनेको छु । नियुक्त भएको शिक्षकले कम्प्युटर सिक्दै हुनुहुन्छ भन्ने सुनेको छु । अर्को कुरा शिक्षा शाखामा शिक्षक हामीले राखेको होइन । म आफ्नो शाखाको काम गर्न सक्छु । धान्न पनि सक्छु । मैले शिक्षक चाहिन्छ भनेको छैन । यो पालिकाको कुरा हो । यो विषयमा जवाफ पालिका अध्यक्षले दिनुहोला ।

पालिका अध्यक्ष :- कुन शाखामा कसलाई राख्ने र केके काम गराउने भन्ने विषय मेरो अधिकार क्षेत्रभित्र पर्छ । म हुन्जेल यो प्रश्नको कुनै अर्थ छैन । म मेरो निर्णयबाट पछि हड्नेवाला छैन ।

**१०. समस्याहरु :**

ठुला योजनाहरु टेन्डर आव्हान भए पनि केहि नभई उपभोक्ता समिति मार्फत संचालन हुनु ।
उपभोक्ता समितिका पदाधिकारहिरुको मनोमानी चल्नु ।
उपभोक्ता समिति निष्कृय हुनु ।
उपभोक्ता समिति आपसी विवादमा तानिनु ।
समुदायसँग समन्वयको अभाव हुनु ।
जनप्रतिनिधिहरुले कढाइका साथ अडान लिन नसक्नु ।
उपभोक्ता समितिको फजुल खर्च बढि हुनु ।
नियमनकारी निकायको ध्यान नपुग्नु ।
गुणस्तरीय काम नहुनु ।
पालिकाले जेठ अगाबै योजना सम्पन्न गर्ने भने पनि स्थानीयबाट अटेर गर्नु
केहि स्थानमा पालिकाबाट प्राविधिक सहयोग नहुनु ।
केहि वडामा वडा प्राविधिकले राम्रोसँग काम नगर्नु ।
मापदण्ड अनुसार काम नहुनु ।
अनियमितता गर्नेलाई कारर्वाही गर्ने निकाय निरिह हुनु ।
स्थानीय जनप्रतिनिधिहरुले स्वायत्त सरकारको अधिकार प्रयोग गर्न नसक्नु ।
प्राथमिकताका आधारमा भन्दा पहुँचका आधारमा योजना वितरण हुनु ।
पर्याप्त रुपमा स्रोत साधन नहुनु ।
समय समयमा योजनाको अनुगमन नहुनु ।
सरकारी काम भनी जनसमुदायमा अपनत्वको भावना नभई झारो टार्ने काम मात्र हुनु ।
स्थानीय सरकारले संचालन गरेका योजनाहरु प्रति जनताहरु नै जवाफदेही नहुनु ।
कानूनको पालनामा उपभोक्ता समिति चुक्नु ।
जन सहभागीता परिचालनमा राजनीतिक दलहरुको उदासिनता ।

**११. सकरात्मक पक्षहरु :**

दुरगामी योजनाहरु बनाउनु ।

लक्षित वर्गहरु समेटिने गरि योजनाहरु छनौट हुनु ।

समयमै बजेट विनियोजन गर्नु ।

अनुगमन समिति बनाउनु ।

जनप्रतिनिधि र कर्मचारी बीच निरन्तर रुपमा समन्वय हुनु ।

विभिन्न विषयमा सेमिनार, गोष्ठी, अन्तरक्रिया तथा तालिम संचालन गरि क्षमता अभिवृद्धी गर्ने कार्यक्रम संचालन गर्नु ।

विपत्ले धेरै क्षेति गरेको स्थानमा तत्काल काम अगाडि बढाउनु ।

सुचना तथा संचारमा पहुँचका लागि प्रयास हुनु ।

ग्रामिण सडक, कृषि क्षेत्र, पर्यटन तथा शिक्षा क्षेत्रमा सन्तुलित रुपमा बजेट विनियोजित हुनु ।

कर्मचारी र जनप्रतिनिधीहरु नियमित रुपमा कार्यालयमा खटिई काम गर्नु ।

गाँउपालिकाको योजनातथा कार्यक्रमहरुको सामाजकि लेखा परिक्षण सम्पन्न गर्नु ।

**१२. सुझावहरु :**

सबै योजनाहरुको नियमित रुपमा विभिन्न समयमा अनुगमन गरिनु पर्ने ।

वास्तविक आवश्यकता भएको ठाँउमा योजना संचालन गर्नु पर्ने ।

ठूला योजनाहरु टेन्डर मार्फत संचालन गरि ठेकेदारलाई जिम्मेवार बनाइनुपर्ने ।

जनप्रतिनिधी र कर्मचारी अडिक भएर काम गर्नु पर्ने ।

नियम विपरित काम गर्नेलाई कानुनी दायरामा ल्याउनु पर्ने ।

योजनाको काम र गुणस्तर जाँच गरेर मात्र भुक्तानी दिनुपर्ने ।

प्राविधिक स्टेटमेन्ट अनुसार काम भए नभएकको निगरानी गर्ने ।

उपभोक्ता समिति मार्फत संचालन भएका योजनाहरुमा हुने फजुल खर्च नियन्त्रणका लागि प्रभावकारी अनुगमन समितिको व्यवस्था गरिनु पर्ने ।

ऐन नियम विपरित कुनै पनि काम हुन नदिने ।

योजना तथा कार्यक्रम संचालन भएको स्थानका स्थानीय उपभोक्ताहरुसँग भेटघाट गरि योजनामा भइरहेको कामको अवस्था बारे जानकारी लिनु पर्ने ।

प्रत्येक चौमासिक रुपमा योजना तथा कार्यक्रम हरुकको सार्वजनिक सुनुवाई गरिनु पर्ने ।

कृषि र पशुपालनलाई आधुनिकीकरण गर्ने व्यावसायिकरण गर्नुपर्ने ।

जनताको उद्यमशिलता विकासमा अभिवृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

तुलनात्मक लाभका वस्तु पहिचान, प्रवर्द्धन र नीतिमा जोड दिनु पर्ने ।

**१३.निष्कर्ष**

पातरासी गाँउपालिका भाषिक, सांकृतिक, धार्मिक, एतिहाँसिक स्थान, चालचलन रीतिरिवाज मौलिक संकृतिको धनी मानिन्छ । प्रकारको ऐतिहासिक महत्व बोकेको चौधबीस क्षेत्र भित्रको एक विशेष महत्व बोकेको भाषिक, सांस्कृतिक, पर्यटकीय हिसाबमा अत्यन्तै सम्भावना बोकेको र कयौं सम्पदा तथा सम्पत्ति भएको पालिकाको रुपमा पातरासीलाई लिन सकिन्छ ।

प्रकृतिको वरदान प्राप्त यो भूमिका बारेमा एक पटक पाइला ट्रेक्ने व्याक्ति पटक-पटक नआउने भन्ने सवाल नै रहन्न । प्रकातिले भरिपूर्ण बनाइदिएको यस पालिकालाई यहाँका बासिन्दा र विकास प्रेमी जनताले अझै लोभलाग्दो र आकर्षक बनाउन तल्लिन हुनुपर्छ । नेपालको सम्पदा सुचीमा अटाउन सक्ने महत्व बोकेको यो गाउँपालिकालाई कलस सिंगारेजस्तै सिंगारेर राख्नुपर्छ ।

विभिन्न जातजातीका मिश्रत बस्तीको विकासबाट बनेको यो पालिका आफैंमा एउटा खुल्ता संग्राहलाय हो । ऐतिहासिक दाष्ट्रकोणले अत्यन्तै महत्व बोकेको भूमि हो । आगामि दिनमा यस गाउँपालिकालाई कसरी अगाडि बढाउने भन्ने कुराको ठोस योजना बनाएर अगाडि बढ्न सकेमा यो पालिकाका बासिन्दाको जीवनस्तर उकास्त मद्धत पुग्नेछ । यस सार्वजनिक सुनुवाई कार्यक्रमलाई जवाफदेहीता, पारादर्शिता र सुशासनका कुरा उठानका साथै यस क्षेत्रको विकासका लागी आगाम दिनमा के कस्ता योजना सचालन गर्न सकिन्छ भन्ने विषयको पनि खोजी गर्ने प्रयत्न गरिएको थियो ।

गाउँपालिकाको विकासका लागि भावनात्मक रुपमा तयार भएपनि भौगोलिक विकटताका कारण गाउँपालिकाले बाधा व्यवधान भेलिरहेको प्रष्ट हुन्छ । कम्तीमा पनि गाउँपालिका बासीले आफ्नो कर्तव्य र दायित्व दिएको भए यो सार्वजनिक सुनुवाई कार्यक्रम इतिहासको पानामा कोसेढुंगा सावित हुने थियो ।

विगतमा दिनको तुलनामा गाउँपालिकाका कार्यसञ्चालन तथा विकासमा प्रगति भएको अनुभव भएको छ । त्यसैले यस गाउँपालिकाले प्राप्त सल्लाह र सुझावहरूलाई गाउँपालिको कार्यक्रममा स्थान दिएर अगाडि बढ्नेछ भन्ने आशा गाउँपालिकाबासीको रहेको बुझिएको छ । विकास र राम्रो काम गर्नको लागि जुनसुकै समय पनि उपयक्त हन्छ । यहाँको सामाजिक आर्थिक र मानसिक विकास गर्ने अवसरहरु प्रशस्त रुपमा रहेका छन ।

अन्तमा, गाउँपालिकाको समग्र विकसका लागि जनप्रतिनिधि, कर्मचारी, राजनितिक दल, योजना आयोजनासँग सम्बधित उपभोक्ता समिति र लाभान्वित व्यक्तिहरु, युवा, बुद्धिजिवी, समाजसेवी लगायतले आ-आफ्नो तवरबाट गरेको सहयोग प्रशंसनीय छ ।

**पातरासी गाँउपालिकाको आ.व २०७९।०८० को गाँउपालिका स्तरियसार्वजनीक सुनुवाई (सामाजिक लेखा परिक्षण)कार्यक्रमका झलकहरु ।**



सिन्जा मल्टि मिडिया प्रा.लि
च.ना.न.पा.४-जुम्ला







सिन्जा मल्टि मिडिया प्रा.लि
च.ना.न.पा.४-जुम्ला

# पातारासी गाउँपालिकाका उपभोक्ताहरु सँग सोधिएको सर्भे

**अनुसूची - २**

**बुँदा नम्बर ३.६. १ सँग संबन्धित प्रश्नावली  भाग १  नागरिक प्रतिवेदन ९**

**नाम : प्रकाश उपाध्याय, गोल्डेन बुढा, महेश नेपाली, इश्वरी देवकोटा, पुरिचन्द्र नेपाली, अर्जुन महतारा ।**

**पद : पत्रकारहरु ।**

**सहजिकरण गर्ने निकाय : सिंजा मल्टी मिडिया प्रा.लि चन्दननाथ नगरपालिका-०४, भारतीबाडा, जुम्ला ।**

सार्वजनिक सुनुवाईको विषय : पातरासी गाउँपालिका द्वारा गएको आ.व २०७९/०८०मा संचालित कार्यक्रमहरु तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता

**कार्यक्रम आयोजक : पातरासी गाउँपालिको कार्यालय, जुम्ला ।**

**४. कार्यक्रम विवरण**

मिति : २०८० कार्तिक २४ गते

सर्भे गरेको कार्तिक १५ वडा कार्यालय देखि  कार्तिक २४ गते  पातरासी गाउँपालिकाकाको कार्यालयको भवन परिसरमा ।

पातरासी गाउँपालिकाले सिंजा मल्टिमिडियासँग सम्झौता गरि सार्वजनिक सुनुवाइ गर्ने निर्णय गरेपछि यश पालिकाका सातवटा वडाहरुमा पत्रकारहरु प्रकाश उपाध्याय, महेश नेपाली, गोल्डेन बुढा, इश्वरी देवकोटा, अर्जुन महतारा र परिचन्द्र नेपाली वडावडामा खटिनु भएको थियो ।हरेक वडामा पालिकाले विकास निर्माणका गतिविधिहरु संचालन गरेको छ । विभिन्न खालका सेवा प्रवाह गरेको छ । तर बजेटको सिमितताका कारण सबै जनताको चित्त बुझेको छैन । घर नजिकको सरकारबाट नातागोता, आफन्तलाई बढी सुविधा दिएको भन्ने गुनासाहरु र आरोपहरु तमाम छन् । जनप्रतिनिधिहरुसमेत केही हदसम्म पूर्वाग्रही भएको जनगुनासो छ भने कति ठाउँमा व्यक्तिगत रुपमा रिस फेर्ने काम पनि भएका छन् ।

तथापि सचेत वर्गबाट खबरदारी गर्ने र सुझावहरु दिने, आलोचना गर्ने लगायतका रचनात्मक काम भइरहेका छन् । शिक्षा, स्वास्थ्य उपचार र विकास निर्माणका गतिविधिको सूक्ष्म ढंगबाट निगरानी गर्ने काम पनि भइरहेको छ । पालिकाबाट प्रवाह भइरहेको सेवाको विषयमा प्रत्येक वडाका न्युनतम पाँच जना देखि अधिकतम १० जनासँग स्थानीय निकाय सार्वजनिक सुनुवाई सम्बन्धि कार्यविधि २०६७ अनुसारको प्रश्नावको आधारमा गरिएको सर्वेक्षणको नतिजा निम्नानुसार छ ।

**१. सेवाको सन्तुष्टि**

१.१ तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (२६.६७% )     ठीकै (६८.८९%)     असन्तुष्ट (८.८९%)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (४०%)     ठीकै (५५.५६%)     असन्तुष्ट (६.६७%)

**२. सेवाको नियमितता**

२.१ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (४४.४४%)  ठीकै (५५.५६%)  अविश्वस्त (२.२२%)

२.२ तपाईंले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन (३५.५६)  एकदमै कम (६६.६७)  धेरै तिरेको (०%)

**३. सेवाप्रतिको जनविश्वास**

३.१ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईंको विश्वास कत्तिको छ ?

धेरै (१७.७८%)  ठीकै (८२.२३%)  विश्वास छैन (२.२२%)

३.२ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (५१.११%)  छैन (४०%)  अलिअलि थाहा छ (११.११%)

**४. सेवाको गुणस्तर**

४.१ तपाईं यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफै (६८.८९%)  गाउँका ठूलाबडाको (८.८९%)  मध्यस्थकर्ता (२४.४४%)

४.२ यस कार्यालयमा तपाईंले एउटा कामको लागि कति पटक धाउनु पर्यो ?

१ पटक (४८.८९%)  २ पटक (४२.२२%)  सो भन्दा वढी (११.११%)

**५. सेवा सम्बन्धी जानकारी**

५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (६.६७%)  ठीकै (८२.२२%)  नराम्रो (१३.३३%)

**५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईंलाई जानकारी छ ?**

छ (४९.८९%)  आंशिक जानकारी छ (१८.७८%)  कुनै जानकारी छैन (३७.७८%)

हस्ताक्षर

पेशगर्ने प्रकाश उपाध्याय

पद पत्रकार

मिडिया:**संजा मल्टी मिडिया प्रा.लि चन्दननाथ नगरपालिका-०४, भारतीबाडा, जुम्ला ।**